बौदीकाली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

डेढगाउँ, नवलपरासी(ब.सु.पू.)

**गण्डकी प्रदेश, नेपाल**

**प.स.: २०७६/७७**
**च.नं.:**

बौदीकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डेढगाउँ, नवलपुर
गण्डकी प्रदेश, नेपाल
२०७३

## बौदीकाली गाउँपालिकाको अत्यन्त जरुरी सुचना

नेपालको सँविधान, स्थानीय सरकार सँचालन ऐन २०७४ तथा अन्य प्रचलित कानुनको अधिनमा रही बौदीकाली गाउँपालिका अहिले आर्थिक बर्ष २०७७/७८ को बार्षिक बजेट, नीति तथा कार्यक्रम र योजना तर्जुमाको चरणमा रहेको ब्यहोरा जानकारी गराउदै बौदीकाली गाउँपालिका क्षेत्रभित्र क्रियाशिल सबै गैरसरकारी सँघसँस्थाहरुले स्थानीय सरकार सँचालन ऐन २०७४ को दफा २५ मा ब्यबस्था भए अनुसार तपसिल बमोजिम गर्नु/गराउनु हुन जानकारी गराईन्छ साथै नीति तथा कार्यक्रम/बार्षिक बजेट/विकास योजना/राजश्व क्षमता बृद्धि तथा अन्य समसामयिक विषयमा कुनै सुझाव भए मिति २०७७ जेष्ठ मसान्त भित्र लिखित रुपमा साथै आर्थिक बर्ष २०७७/७८ को त्यस सँस्थाको प्रस्तावित कार्यक्रम समेत उपलब्ध गराउनुहुन सम्बन्धित सबैमा हार्दिक अनुरोध समेत गरिन्छ छ ।

प्रदिप चन्द्र सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तपसिल:

१. गैरसरकारी सङ्घसँस्था/सहकारी सँस्था लगायतका सामाजिक तथा सामुदायिक सङ्घसँस्थाहरुले स्थानीय तहसँगको समन्वयमा रही कार्य सँचालन गर्नु पर्नेछ ।
२. अन्तराष्ट्रिय गैरसरकारी सँस्थाहरुले स्थानीय तहसँगको समन्वयमा काम गर्दा नेपाल सरकारको पुर्व स्वीकृति लिएको हुनु पर्नेछ ।
३. सबै सँस्थाहरुले बार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय तहको बार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश गराउनु पर्नेछ ।
४. स्थानीय तहले तोकेको सँयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउनु पर्नेछ ।

साथै उपरोक्त विपरीत कुनै सङ्घसँस्थाले काम गरेमा बौदीकाली गाउँपालिकाले त्यस्तो काम कारवाहिको कार्यान्वयन गर्न रोक लगाउन सक्ने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**(पुनश्चः कोभिड १९ को महामारिको कारण डिजिटल/विद्युतिय माध्यम प्रयोग गरिदिनुहुन अनुरोध छ ।**